स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फ्राइडे रिलिज अन्तर्गत शुक्रबारबाट देशभर एकमात्र फिल्म 'बाटो: रोड टु डेथ' प्रदर्शनमा आएको छ । एकल प्रदर्शन अवसर पाएको फिल्मले ब्यवसायीक सफलता हात पार्ने अपेक्षा निर्माण युनिटले गरेको छ । प्रदर्शन अगाडि बुधबार फिल्मको प्रिमियर भएको थियो । प्रिमियर रुचाइएको फिल्म बिहीबार नेपालीसहित तमिल, तेलुगु तथा हिन्दी गरी विभिन्न चार भाषामा तयार भएको हो।

**आजको विचार...**



अहिलेकै...
(दुई पेजमा)

सन्देश पौड्याल



नेपाली फिल्ममा धेरै कलाकार भए पनि हरेक विधामा निपुर्ण थोरै मात्र छन् । अभिनयमा अब्बल भएका नृत्यमा कमजोर देखिन्छन् । एक्सन राम्रो हुनेको अभिनय र नृत्य उम्दा देखिन्न । यसैले नेपाली फिल्ममा 'प्याकेज हिरो' नभएको अक्सर चर्चा हुन्छ । तर, कुनै समय अभिनेता सुशील क्षेत्रीले आफूलाई हरेक विधामा प्रमाणित गर का थिए । अभिनय, नृत्य र एक्सनमा उनी निपुर्ण मानिन्छन् । 'आगो' हिरोको रुपमा चिनिएका उनले ५० बढी फिल्ममा अभिनय गरेका छन् । तर, ५/७ वर्षयता उनी फिल्ममा देखिएका छैनन् ।

❒ वर्ष २९ ❒ अंक ३१६ ❒ २०८१ असार १ गते शनिबार 15 June 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## भारतमा आगलागी हुँदा चार वन अधिकारीको मृत्यु

(रासस/सिन्ह्वा)

**नयाँदिल्ली,** ३२ जेठ/उत्तरी भारतीय राज्य उत्तराखण्डको वन्यजन्तु आरक्षणमा भएको आगो निभाउँदा चार जना वन अधिकारीको मृत्यु हुनुका साथै अन्य चार जना जलेको अधिकारीहरूले शुक्रबार बताएका छन् ।

उत्तराखण्डको राजधानी सहर देहरादुनबाट करिब तीन सय ७० किलोमिटर पूर्वमा रहेको अल्मोडा जिल्लाको सिभिल सोयाम वन डिभिजन अन्तर्गत रहेको बिनसर वन्यजन्तु आरक्षणमा आगलागी भएको उनीहरूले बताएका छन् ।

वन विभागका अधिकारीहरूका अनुसार बिहीबार साँझ आगो निभाउन आठ सदस्यीय टोली घटनास्थलमा पुगेको थियो । यद्यपि तीव्र हावाले आगो अझ फैलिँदा टोलीका चार सदस्यहरूको मृत्यु भयो र अन्य चार जना गम्भीररूपमा जलेका थिए ।

घाइतेहरूलाई एयरलिट गरेर अस्पताल लगिएको छ । उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीले घटनाप्रति दु:ख व्यक्त गर्दै बिनसर वन्यजन्तु आरक्षणमा लागेको आगो तत्काल नियन्त्रण गर्न वायु सेनाको सहयोगमा वन विभागका शीर्ष अधिकारीलाई निर्देशन दिएका छन् । अधिकारीहरूले राज्यमा वनमा आगलागी हुनुको कारण गर्मी र सुक्खा मौसमलाई दिएका छन् ।

# पाल्पामा कैदीबन्दीले गरे रक्तदान

## कैदीबन्दीले 'रक्तदान नै जीवनदान हो' भन्दै स्वतस्फूर्त रूपमा रक्तदान गरेका छन् ।

## शुक्रबार विश्व रक्तदाता दिवसको अवसरमा यहाँका ३६ जना कैदीबन्दीले रक्तदान गरे ।

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ ३२/विभिन्न मुद्दामा कैद भुक्तान गरिरहेका तथा पुर्पक्षका लागि कारागार चलान भएका कैदीबन्दीहरुलाई नेपाली समाजमा नराम्रो दृष्टिकोणले हेर्ने गरिन्छ । विभिन्न अपराधिक क्रियाकलापमा संलग्न भएकै कारण उनीहरुलाई नराम्रो दृष्टिकोणले हेर्ने गरिएको हो ।

सबै कैदीबन्दीहरु कारागार पुगेपछि पनि त्यस्तै स्वभाव र व्यवहार देखाउन्छन् भन्ने छैन तर केही कैदीबन्दीहरु भने कैद जीवन विताई रहँदा पनि सामाजिक सेवाको भावनाले ओतप्रोत भइरहेका हुन्छन् । त्यस्तै मध्येका हुन पाल्पा कारागारमा रहेका कैदीबन्दीहरु । यहाँका कैदीबन्दीले रक्तदान नै जीवनदान हो भन्दै स्वतस्फूर्त रूपमा रक्तदान गरेका छन् । शुक्रबार विश्व रक्तदाता दिवसको अवसरमा यहाँका ३६ जना कैदीबन्दीले रक्तदान गरे ।



युवाहरुको नेतृत्व, व्यक्तित्व विकाससँगै सामाजिक क्षेत्रमा क्रियाशिल रहँदै आएको पाल्पा जेसिजले रक्तदाता दिवसको अवसरमा कारागारमा आयोजना गरेको रक्तदान कार्यक्रममा कैदीबन्दीहरु स्वतस्फूर्त रुपमा आई रक्तदान गरेका हुन् । रक्तदान कार्यक्रमको प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले एक औपचारिक कार्यक्रमका बिच उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रजिअ काफ्लेले कारागारका बन्दीहरुलाई रक्तदान अभियानमा जोडेकोमा पाल्पा जेसिजप्रति आभार व्यक्त गरे । उनले जिल्लामा हुने रगत अभावलाई केही हदसम्म भए पनि पूर्ति गर्न टेवा पुग्ने विश्वास व्यक्त गरे । प्रजिअ काफ्लेले भने'युवाहरुको नेतृत्व र व्यक्तित्वसँगसँगै जेसिजले सामाजिक कार्यमा आफुलाई अग्रसर बनाएको छ । यो अत्यन्त राम्रो कार्य हो । आगामी दिनमा पनि यस्ता रचनात्मक कार्यमा हाम्रो आवश्यक सहयोग रहने छ ।' जेसिजका अध्यक्ष जेसी अर्जुन कार्कीले कैदीबन्दीको उत्साह बढाउन तथा रक्तदान जीवनदान हो भन्ने सन्देश दिन कारागारमै रक्तदान कार्यक्रम गरिएको बताए । उनले भने 'विभिन्न मुद्दामा जेल परे पनि कैदीबन्दीहरु पनि सामाजिक प्राणी नै हुन् । उनीहरुलाई पनि समाजसँग जोड्न सामाजिक कार्य सहभागी गराउनुपर्छ भनेर नै बन्दीलाई रक्तदान कार्यक्रममा सहभागी गराएका हौं ।' यस्ता कार्यक्रमले भित्र रहेका मानिस र बाहिर रहेकाहरु बिचको दुरीलाई घटाउन सहयोग पुग्ने अध्यक्ष कार्कीले विश्वास व्यक्त गरे । कारागारका जेलर भगवानभक्त अर्यालले सुरुमा बैन्दीहरु लजाए पनि पछि रुस्वतस्फूर्त रुपमा रक्तदान गर्न तयार भएको बताए । कार्यक्रममा युनाईटेड मिसन अस्पतालका निर्देशक डा. रचेल कारख, जेसिज पाल्पाका वर्ष २०२४ का सल्लाहकार संयोजक सुवर्णमुनी शाक्य लगायतले बन्दीहरुले रक्तदान गरेर प्रशंसनिय कार्य गरेको बताए । रक्तदान गरेका ३६ जना बन्दी मध्ये २१ जना २०-३० र १५ जना ३०-४० वर्ष उमेर समूहका रहेका छन् । जेसिजले पाल्पा कारागार, नेपाल रेडक्रस सोसाइटीको सह आयोजना, कामना सेवा विकास बैंक, बागेश्वरी असल शासन क्लव (बास) पाल्पाको सहयोग, युनाइटेड मिसन अस्पतालको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम गरिएको कार्यक्रम संयोजक जेसी सतिशराज शाक्यले बताए । रगत संकलनका लागि मिसन अस्पतालका प्राविधिकहरु जितबहादुर मिधुन, मधु कार्की, सञ्जु राना, रेनुका मल्ल, भुवन कुमाल खटिएका थिए । यस्तै सोही अवसरमा तानसेन नगरपालिका-४ वडा कार्यालयको सहयोगमा ६ थान लुडो र ५ थान चेस समेत बन्दीहरुका लागि जेसिजले वितरण गरेको छ ।

## लुम्बिनी प्रादेशिक अस्पतालमा अनलाइन टिकेट सेवा सुरु

**बुटवल,** जेठ ३२/लुम्बिनी प्रदेशिक अस्पताल बुटवलको लुम्बिनी प्रादेशिक अस्पतालमा ओपीडी सेवाका लागि अनलाइन टिकट सेवा सञ्चालन गरिने भएको छ । असार १ गतेदेखि सेवाग्राहीले अनलाइन माध्यमबाट टिकट लिन सक्ने भएका हुन् ।

यो सुविधा अन्तरगत सेवाग्राहीहरुले लुम्बिनी प्रदेशिक अस्पतालको मोवाइल एप तथा इन्टरनेट ब्राउजरमा गई अस्पतालको वेवसाइटबाट अनलाइन टिकट काट्न सक्ने छन् । उपचार गर्नको लागि आफूले भेट्नुपर्ने ओपीडी शाखा छनोट गरी आफूले चाहेको मितिका लागि नि:शुल्क रुपमा टिकट काट्नसक्ने व्यवस्था गरिएको अस्पतालले जनाएको छ । अनलाइन मार्फत गरीने सेवालाई केही समयका लागि परीक्षणकालका रुपमा प्रयोग गर्ने र सेवा सफल भएपछि मात्र नियमित रुपमा थप व्यवस्थित गर्दै लैजाने योजना रहेको अस्पतालका मेडिकल सुपेरिटेन्डेन डा. इन्द्र ढकालले जानकारी दिए ।

अस्पतालमा टिकटकै लागि सेवाग्राहीले घण्टौंसम्म लाइनमा आफ्नो पालो कुरेर बस्नुपर्ने बाध्यतालाई अन्त्य गर्न र सेवालाई थप गुणस्तर बनाउन अनलाइन सेवामा जानकोलागि अनलाइन सेवा सञ्चालनमा ल्याएको ढकालले जनाए ।

अस्पतालको स्वास्थ्य सेवालाई थप गुणस्तर र समय अनुसार प्रविधिको प्रयोग गरी सेवा ग्राहिहरुलाई सहज बनाउनको लागि थप सुविधाहरु बिस्तार गर्दै जाने ढकालले बताए । अस्पतालले सुरु गर्न लागेको अनलाइन टिकट सेवामा बीमा सेवा लिनेहरुका लागि भने तत्काल व्यवस्था रहेको छैन ।

## समसामयिक विषयमा काँग्रेसले गरायो सम्बन्धित निकायको ध्यानाकर्षण

**हाम्रा संवाददाता**

**पाल्पा,** जेठ ३२/नेपाली काँग्रेस तानसेन नगर समितिले जिल्लाको समसामयिक विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराएको छ । उसले प्रमुख जिल्ला अधिकारी र तानसेन खानेपानी उपभोक्ता समितिको छुट्टाछुट्टै ध्यानाकर्षण गराएको हो ।



काँग्रेसले प्राकृतिक विपद्को पूर्व तयारी गर्नु पर्ने, सवारी साधानको तिव्र गति नियन्त्रण गर्नुपर्ने, सडक निर्माणको काम यथाशीघ्र सम्पन्न गर्न दवाब दिनुपर्ने, ध्वनी प्रदुषण नियन्त्रण गर्नुपर्ने लगायतका विषयहरुमा प्रमुख जिल्ला अधिकारी (सिडियो) को ध्यानाकर्षण गराएको छ । नगर सभापति सुवर्णमुनि शाक्यको नेतृत्वमा गएको काँग्रेस नेताहरुको टोलीले आफुहरुले राखेका समसामयिक विषयका मागहरुलाई यथाशिघ्र सम्बोधन गरिदिन भन्दै प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेको ध्यानाकर्षण गराएको हो । वर्षायाम सुरु भइसकेकाले विभिन्न क्षेत्रमा पहिरो नियन्त्रण गर्न, जनजीवनको रक्षाका लागि विपद् रोकथाम, न्यूनीकरण, पूर्वतयारी, उद्धार, राहत सामग्री यथाशीघ्र व्यवस्थापन गरिनुपर्ने, पाल्पा-बुटवल सिद्धार्थ राजमार्ग सडकखण्ड र सहायक सडकमा दैनिक अनियमित रुपमा गुड्ने टिपर, मोटरसाइकलको गतिलाई न्यूनीकरण गरी टिपर र मोटरसाइकललाई निश्चित मापदण्ड बनाएर मात्रै आवतजावत गर्न दिने व्यवस्था मिलाउनुपर्ने, पाल्पा बुटवल सिद्धार्थ राजमार्ग खण्डको केरावारी क्षेत्रमा एकतर्फी मात्रै सवारी साधन चल्ने भएकाले दुर्घटनाको सम्भावना बढ्दै गएकाले निर्माण कार्य गर्ने सम्बन्धित पक्षको ठेकेदारलाई अनुरोध वा निर्देशन दिनुपर्ने, यस क्षेत्रमा सडक निर्माणको काम यथाशीघ्र पूरा गराउनु पर्ने ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

यस्तै काँग्रेसले बुटवलदेखि रुरु क्षेत्रसम्मका राजमार्गमा पहिरोको जोखिमलाई ध्यानमा राखी जतिसक्दो चाँडो खाल्डाखुल्डी पुरी राजमार्गलाई सुरक्षित बनाउनुपर्ने, गाईघाटमा ह्युम पाइप बिच्छ्याउने व्यवस्था मिलाउनुपर्ने, तानसेन नगर क्षेत्रमा मोडिफाई गरी आवाज ठूलो बनाई तिव्र गतिमा सञ्चालनमा रहेका मोटरसाईकलबाट पैदल यात्रीहरु असुरक्षित तथा नगरवासीहरुमा ध्वनी प्रदुषणका कारण आजित भएकाले अविलम्व व्यवस्थापन गरिनुपर्ने लगायतका माग राख्दै सिडियोको ध्यानाकर्षण गराएको हो । नगर सभापति सुवर्णमुनि शाक्यले अहिले जिल्लामा देखिएका समसामयिक समस्या र हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै त्यसको व्यवस्थापनमा ध्यान दिन प्रमुख जिल्ला अधिकारी काफ्लेलाई आग्रह गरे ।

प्रजिअ काफ्लेले विपद् व्यवस्थापनमा आफुहरुले तयारी थालेको र स्थानीय सरकारलाई पनि त्यसको तयारीमा जुट्न भनेको बताएका छन् । उनले काँग्रेसको जायज मागहरुलाई सम्बन्धित निकायसँग समन्वय गरी सम्बोधन गर्ने बताए ।

**तानसेनको खानेपानी समितिलाई पनि ध्यानाकर्षण**

यस्तै नेपाली काँग्रेस तानसेन नगर समितिले तानसेन खानेपानी उपभोक्ता समितिको पनि ध्यानाकर्षण गराएको छ । *-बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सुशासनका गफ मात्रै

राजनीतिक दलका हरेक भाषणमा भन्न नछुटाउने विषय हो समृद्धि र सुशासन । हरेक कार्यक्रममा नेताहरुले समृद्धि र सुशासनका गफ गर्न छोड्दैनन् । तर देशमा जतातत्तै बेथिति झाँगिएको छ । 'सुशासन' अहिले नेताको भाषण, कर्मचारीको गफ, दाताहरूको सर्त र गैरसरकारी संस्थाको मागी खाने विषय भएको छ । विडम्बना, यी सबैले बुझ्ने सुशासनको अर्थमा भने समानता हुँदैन । कुनै बैठक, सेमिनार तथा ठूला-ठूला कार्यक्रममा होस् वा अन्य औपचारिक कुराकानीका क्रममा नै किन नहोस्, उनीहरुले मुलुकमा सुशासन राख्नुपर्छ, यो अत्यावश्यक छ भन्न कहिल्यै पनि छुटाउँदैनन् । तर यसरी भाषण गर्ने र सुशासनका पक्षमा अभिव्यक्ति दिने शासक, प्रशासकहरु जब आफ्नो जिम्मेवारीअनुसार काम गर्न थाल्छन्, त्यति बेला भने उनीहरुले सुशासन बिर्सन्छन् । भ्रष्टाचार जतिसुकै बढोस्, कुनै मतलब नै गर्दैनन् । यसले उनीहरुले बोली र व्यवहारमा ठीक उल्टो चरित्र प्रदर्शन गर्ने गरेको प्रस्ट हुन्छ ।

सुशासन सरकारको वैधानिकता सिद्ध गर्ने अभ्यास हो । यसले विशेषगरी सरकार र नागरिकहरूबीच असल सम्बन्ध स्थापित गर्छ । नागरिकहरूले राज्यलगायत सबै सार्वजनिक संस्थाहरूमा अपनत्व वा स्वामित्व महसुस गर्ने र सार्वजनिक काम कारवाही पारदर्शी हुने तथा जनताका नाममा काम गर्नेहरू जनताप्रति उत्तरदायी हुने व्यवस्था सुशासन हो भन्न सकिन्छ । तर यहाँ 'सुशासन' अहिले जसको टाउकोमा लगाए पनि मिल्ने टोपजस्तै भएको छ । नेता, कर्मचारीहरुको बोली र व्यवहारमा तारतम्य मिल्न नसक्दा नै मुलुक कुशासनको दलदलमा फस्दै आएको हो । यो अत्यन्त दुखको कुरा हो । महालेखाले बर्सेनि गर्ने सरकारी निकायको लेखापरीक्षणमा पनि बर्सेनि अर्बौं बेरुजु आउने क्रम जारी छ । त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि दिनहुँजसो भ्रष्टाचारमा संलग्न सरकारी कर्मचारीमाथि मुद्दा लैजाने क्रमसमेत घट्नुको साटो बढेको छ । जसले गर्दा सरकारका विभिन्न निकायहरु सुशासन कायम गर्ने दायित्वबाट पूर्णरुपमा विमुख भएको जस्तो देखिन्छ । यसका कारण पनि विभिन्न खालका भ्रष्टाचार र अनियमितता हुने क्रम जारी नै रहेको बुझ्न सकिन्छ । जबसम्म राजनीतिक दल तथा कर्मचारीहरु आफुले बोलेका कुराहरु व्यवहारमा कार्यन्वयन गर्दैनन् तबसम्म सुशासन हुन सक्दैन । तसर्थ राजनीतिक दलका नेता, कर्मचारीहरु गफ गरेर मात्र हुँदै सुशासन कार्यान्वयनमा प्रतिवद्ध हुन जरुरी छ ।

## Opinion @ Social Network

तराजु बोकेर अरुलाई तौलिदै हिडनुभन्दा,
ऐना बोकेर आफूलाई हेर्दै हिँडन्नु राम्रो ।
*(सिर्जना पौडेलकोको फेसबुक स्टाटसबाट www.facebook.com/Shreejana.Paudel)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अहिलेकै अवस्थामा कृषिकर्मले समृद्धि ल्याउँदैन



**सन्देश पौड्याल**

> *व्यवसाय अघि-अघि र नीति त्यसको पछि हुन नसक्ने केही छ र ? त्यसो भए सुधार्ने भनेको चाहिं के हो ? हाल सालैको ताजा उदाहरण दिन्छौं । शंखरापुर नगरपालिकामा हामी साना कृषकहरूलाई व्यावसायिक साक्षरतामा परिचित गराउने उद्देश्यले गएका थियौँ । एउटा अभ्यास गरायौं, आफ्नो उत्पादनको लागत मूल्य निकाल्ने । एकजनाले खुसुक्क आएर भन्नुभयो, 'यस्तो अभ्यास नगरौं, धेरैको कृषिकर्म घाटामा छ, कृषिबाटै भागाभाग होला ।' धेरै यस्तो कार्यक्रममा भाग लिंदा पनि यस्तो प्रतिक्रिया पहिलो पटक आएको थियो, धेरैको अवस्था त्यही हो भन्ने हामी अनुभवको आधारमा भन्न सक्थ्यौं । तर पनि त्यो प्रतिक्रिया त्यसरी पहिलो पटक आएकोले अवाक् भएका थियौं ।*

नेपालको समग्र कृषि प्रणालीका मुख्य अंश साना किसानहरू कृषिलाई पेशा वा व्यवसायको रूपमा हेर्न तयार हुनुभएको छैन । लगानी, नाफा, घाटा, प्रक्षेपण आदि धेरै टाढाका विषय भएका छन् । गरेका थियौं र भइरहेको छ भन्ने चिन्तनले नै अहिलेसम्म डोऱ्याइरहेको छ । जीवन निर्वाह भइरहेको छ भन्ने विश्वास र विदेश जान पैसा जोहो गर्ने माध्यम बनेरै कृषिकर्ममा निरन्तर लागि रहनुभएको जनसंख्या बढी छ । अपवाद नभएका होइनन् तर समग्रतामा कुरा गर्दा अपवादको कुरा गर्नु ठिक नहोला, त्यसो गर्दा गलत विश्लेषण र निष्कर्षमा पुगिन्छ । हाम्रो समग्र कृषि प्रणालीमा समस्या छन्, कृषि पूर्वाधार पर्याप्तताको समस्या छ, नीतिगत अस्पष्टताले समस्या बढाएको छ, संरचनात्मक रूपमै बजारदेखि लागत सम्मका समस्या छन् । यी समस्याको महत्वपूर्ण तर एउटा पाटो हो । त्यो सम्बन्धी मुद्दा धेरै राजनैतिक र थोरै सामाजिक होलान् जुन चाँडै नै समाधान हुन गाह्रो छ, कम्तीमा यो आलेखको हिस्सा चाहिं होइनन् । कृषकसँग धेरै काम गर्ने हामी आफैंलाई प्रश्न गरिरहेका हुन्छौं, 'के कुनै चमत्कारका कारण नीति र पूर्वाधारको समस्या समाधान भइहालेको अवस्थामा हाम्रो कृषि-प्रणाली व्यावसायिक बन्न तयार छ त ?' उत्तर उत्साहजनक छैन । फेरि अर्को धारणा पनि आउला, व्यवस्था सुनियो भने व्यावसायिकता पनि सुहिाल्छ नि ! हामीले बुझेको, व्यवस्था सुन्नुसम्म कुर्ने हो भने कहिल्यै पनि व्यावसायिकता आउँदैन । फेरि उही व्यवस्थामा सफल मान्न मिल्ने जलस्रोत, आईटी र धेरै हदसम्म पर्यटन क्षेत्रका दृष्टान्त पनि हामीसँग छन् ।

कृषिमा किन त्यसो हुन सकेन ? न त नीति र व्यवस्था सजिलै सुल्छि न त व्यवसाय गर्ने तरिका नै। आफू तयार हुँदै जाने अनि त्यसैको जगमा व्यवस्था सुधार्न प्रयासरत रहने तरिका नै सबैभन्दा वैज्ञानिक हो। व्यवसाय अघि-अघि र नीति त्यसको पछि हुन नसक्ने केही छ र ? त्यसो भए सुधार्ने भनेको चाहिं के हो ? हाल सालैको ताजा उदाहरण दिन्छौ । शंखरापुर नगरपालिकामा हामी साना कृषकहरूलाई व्यावसायिक साक्षरतामा परिचित गराउने उद्देश्यले गएका थियौँ । एउटा अभ्यास गरायौं, आफ्नो उत्पादनको लागत मूल्य निकाल्ने । एकजनाले खुसुक्क आएर भन्नुभयो, 'यस्तो अभ्यास नगरौं, धेरैको कृषिकर्म घाटामा छ, कृषिबाटै भागाभाग होला ।' धेरै यस्तो कार्यक्रममा भाग लिंदा पनि यस्तो प्रतिक्रिया पहिलो पटक आएको थियो, धेरैको अवस्था त्यही हो भन्ने हामी अनुभवको आधारमा भन्न सक्थ्यौं। तर पनि त्यो प्रतिक्रिया त्यसरी पहिलो पटक आएकोले अवाक् भएका थियौं । नभन्दै, आफ्नो ज्यालाको मूल्य र जग्गाको सामान्य भाडा राख्दा अधिकांश कृषक घाटामै हुनुहुन्थ्यो । कतिपयलाई त विश्वास गर्ने गाह्रो भयो तर पछि किन पैसा बाँच्दैन र ऋण घट्दैन भन्ने आफ्नो कौतूहलताको उत्तर पाएको जस्तो पनि भयो । नेपालमा कृषिलाई व्यावसायिक बन्न तगारोको रूपमा रहेको वित्तीय र व्यावसायिक 'अ' साक्षरतालाई आत्मबोध गर्दै त्यसलाई चिर्न व्यापक रूपमा व्यावसायिक साक्षरता बढाउन जरूरी छ भन्ने विश्वासका साथ हामी निरन्तर लागिरहेका छौं । घरी कक्षाकोठामा त घरी किसानको दैलोमा हामी व्यावसायिक साक्षरताको कार्यक्रम लिएर पुगिरहेका हुन्छौं । करिब १२०० साना किसानसँगको प्रत्यक्ष साक्षात्कारको आधारमा हामी के निष्कर्षमा पुगेका छौं भने यथास्थितिमा 'कृषि' जीवन निर्वाहको साधन बन्न सक्दैन । पेशा वा व्यवसाय बन्न सक्दैन । यथास्थितिमा हाम्रो कृषि प्रणाली कृषि नीति, पूर्वाधारका साथै किसानहरूकै क्षमता पनि पर्दछ ।

**समस्याको चुरो**

'कृषिमा आधुनिकीकरण र व्यवसायीकरण' भन्ने नारा हामीले सुन्न थालेको कति भयो ? तथ्यांकले सापेक्षित रूपमा फरक कुरा भन्न सक्ला तर दुवै पाटोमा हाम्रो प्रगति पट्यारलाग्दो छ । हामीले नेपालभरका ११ जिल्लाका करिब ४०० साना किसानसँग गरेको सर्वेक्षणले देखाएको छ- करिब १८ प्रतिशत किसानले मात्र जसोतसो आफ्नो व्यवसायको हिसाब-किताब राख्नुभएको छ, करिब ९ प्रतिशतसँग मात्र व्यवसायको योजना छ । त्यो पनि बैंकको ऋण अथवा अनुदानको लागि बनाएको । करिब २८ प्रतिशत साना किसानलाई मात्र बैंकको ब्याज कसरी हिसाब हुन्छ भन्ने थाहा छ र अझ जम्मा ८ प्रतिशत साना किसानलाई मात्र आफ्नो उत्पादनको लागत मूल्यको जानकारी छ । हाम्रो सर्वेक्षण नै पूर्ण रूपमा साँचो हो भन्ने दावा हाम्रो छैन । तर करिब ६५ प्रतिशत जनता लागेको क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २५ प्रतिशत मुनि हिस्सा छ भन्ने राष्ट्रिय तथ्यांकले देखाएको अवस्थामा, सत्य त्योभन्दा पर छ भन्ने सङ्केत कदापि हुँदैन। बैंकमा थुप्रिएको खराब कृषि ऋणले पनि हाम्रो अध्ययनलाई थोरबहुत प्रमाणित नै गर्दछ । समस्या हिसाबकिताब बुझेन भन्ने मात्र होइन, नाफा-नोक्सानको विश्लेषण गर्न जानेन भन्ने मात्र पनि होइन, समस्या कतै हाम्रो साना किसानहरू गलत विश्वासमा स्वर्णिम सपना देख्दै आफू र आफ्नो परिवारलाई 'अल्झाइ'मात्र रहनुभएको त छैन भन्ने हो । समस्या कतै अपुरो लागतमा पूर्ण आशा गर्नुभएको छ कि भन्ने हो । कुनै पनि व्यवसाय पूर्ण रूपमा नाफामा मात्र चल्ने हुँदैन, कृषि कुनै पनि हालतमा अपवाद होइन । नाफा-नोक्सानको चक्र यसमा पनि चल्छ । तर पुस्ता दर पुस्ता गरिरहेको तर 'नाफा' र 'नोक्सान'को हिसाब कहिल्यै गर्न नसकेको अवस्था चाहिं समस्या हो । आफ्नो लागत र त्यसको प्रतिफलको सही हिसाब नगरी जीवनभर अभाव र दु:खमा बाँचिरहेर यही नै मेरो एकमात्र धर्म र कर्म हो भन्ने अनिवार्य सोच रहनु चाहिं समस्या हो । नाफा र घाटाको हिसाब गरी हाम्रो सामु कति व्यवसाय बन्द भएका छन्, अन्त सरेका छन्, तर तर्कसंगत ढङ्गले सोच्न नजानी/नपाई कृषिकर्म नै शाश्वत सत्य हो भन्ने सोच्न बाध्य पारिनु चाहिं समस्या हो । अर्को तर्क पनि जबर्जस्त रूपमा आउँछ, नाफा-नोक्सानको हिसाब गरेर धेरैले कृषिकर्म बन्द गरे देशको खाद्य सुरक्षा के हुन्छ, हामीले के खाने ? हाम्रो विचार, 'आफू पिल्सिएर, एक एक रुपैयाँको लागि मिहिनेत पसिना एक गर्ने तर हात लाग्यो शून्य हुने अनि देशको खाद्य सुरक्षा र भान्सामा के पाक्छ भन्ने चिन्ता चाहिं साना किसानहरूले मात्र गरिरहनुपर्ने ?' कतै यही अवस्थाको आकलन गरेरै सम्पूर्ण संयन्त्र नै साना किसानहरूलाई व्यावसायिक रूपमा साक्षर नहोउन् भन्ने धेयका साथ अघि बढेका त छैन ? भन्ने प्रश्न पनि टड्कारो रूपमा आउँछ । साना किसानहरूको आँखाबाट हेर्दा अवस्था साँच्चै नै जटिल छ । बीउको लागि, मलको लागि, सिंचाइको लागि, बजारको लागि, मूल्यको लागि आफू तन्नम भएर लाग्ने अनि राज्यको तर्फबाट निरन्तरको उपेक्षासँगै धेरै घाटाको व्यवसायमा निरन्तर लाग्नैपर्ने बाध्यकारी अवस्था सृजना हुनु हरेक हिसाबबाट दु:खद् हो ।

आवरणमा प्रयास नभएका पनि होइनन् तर अहिलेसम्म आउँदा तिनले नतिजा निकालिसक्नुपर्ने हो, तर दु:खको साथ भन्नुपर्छ खेतमा काम नै गर्न नदिने त्यस्ता तालिम, गोष्ठी र भेलाहरूले आशातित नतिजा दिनुको साटो उल्टै यस्तो पढेर के हुन्छ र भन्ने अवस्था सृजना गरेको छ । त्यस्तो कार्यक्रम गर्ने मान्छे कि त अमूक आशाका भकारी भएका छन् कि त उपहासको पात्र । अझ पनि साना किसानहरू कुनै परियोजनाको अपूर्ण टेकोमा लागिरहनुभएको छ । उत्पादन, बजार, लागत र नाफा-नोक्सान नबुझ्दा घरी किवी घरी ड्रयागन फ्रुट, घरी अदुवा त घरी एभोकाडोको 'नोक्सानीपूर्ण' जालोमा किसानहरू परिरहनुभएको छ । पत्र-पत्रिका र 'युट्युब'मा आउने जल्दबाजीका 'ग्लामरस' समाचारहरूले पनि सहयोग गरेका छैनन् । कसैले यो उत्पादन गर्नु राम्रो हुन्छ भनेर भनेको आधारमा सम्पूर्ण साधन-स्रोत खर्च गर्नुभन्दा आफैं त्यसको आलोचनात्मक रूपमा विश्लेषण गर्न सक्ने भएको भए अवस्था कति राम्रो हुनेथियो होला । अनि मात्र त्यो सही मानेमा व्यवसाय 'नाफा नोक्सान' वाला हुन्थ्यो होला, जसको जिम्मेवारी उहाँहरूकै काँधमा हुनेछ । सरोकारवाला सम्पूर्णलाई हाम्रो अनुरोध, यो निकै चुनौतीपूर्ण भए पनि समाधान गर्न सकिने चुनौती हो। तुलनात्मक रूपमा कम साधनस्रोतमै सम्पन्न गर्न सकिन्छ, प्राविधिक र व्यावसायिक साक्षरताको प्रयत्न साथ-साथै जानुपर्ने देखिन्छ । राज्य, प्राज्ञिक संस्था, विकास साझेदारहरूलाई हाम्रो अनुरोध- विगतमा के भए त्यसलाई शिक्षाको रूपमा लिई हातेमालो गर्दै यो समस्यालाई चिर्न दृढ विश्वासका साथ अघि बढौं । धरातल बुझेर इमानदार प्रयास गरौ । छरिएका प्रयास र स्रोतहरूले हामीलाई नतिजाउन्मुख बनाएका छैनन् । यसलाई मनन गर्दै हाम्रा अन्नदाताहरूको मिहिनेतको सही ढङ्गले सम्मान हुने अवस्था सृजना गर्नतर्फ लागौं । सकिन्छ उहाँहरूको जीवनको सकारात्मक परिवर्तनको लागि काम गरौं, सकिँदैन भने कम्तीमा उहाँहरूलाई अहिलेकै अवस्थामा कृषिकर्मले समृद्धि ल्याउँछ भन्ने 'भ्रम'बाट मुक्त गरौं ।

***-अनलाईन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा शंका र मनमा दुबिधा उत्पन्न होला । सामान हराउन सक्छ । | **तुला** : प्रेमीको सहयोग प्राप्त हुनेछ । कलासाहित्यमा रुचि बढ्नेछ । |
| **वृष** : चलाखीपूर्ण बोलीले संकल्प सिद्ध हुनेछ । सुखद् यात्राको योग छ । | **वृश्चिक** : साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। दिनको उत्तरार्ध सुखद् रहनेछ। |
| **मिथुन** : आदर्श व्यक्तित्वसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । | **धनु** : शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमंग र उत्साह रहला । |
| **कर्कट** : शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । | **मकर** : जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा सफलता मिल्नेछ । |
| **सिंह** : झन्झटिलो काममा संलग्न हुनुपर्ने समय छ । लाभमूलक काम पनि हुनेछ । | **कुम्भ** : विद्या र बुद्धिको विकास हुनेछ । दाम्पत्य जीवन पनि सुखमय हुनेछ । |
| **कन्या** : घरमा अतिथिको आगमन हुनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । | **मीन** : विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ । |

# साहित्य दर्पण

कथा — भाउ पन्थी

## आमा, छोरी र ऊ

यो दुर्लभ दृश्य हुने गर्थ्यो, केटी नुहाएपछि छतमा उभिएर कपाल कोर्दै गरेको । खलल पुग्ने कुरो यो थियो, केटीकी आमा पनि छेउमा उभिएर कपाल कोर्न लागेकी हुन्थी । ऊ पनि नुहाइसकेकी हुन्थी । यसको अर्थ यो पनि लगाउन सकिन्थ्यो, आमाले छोरीको गतिविधिमा नजर राख्न त्यसो गरेकी हो । आमा नयनाभिराम थिइन । अब यसको अर्थ जे लगाउनोस् तर भन्नुको मतलब ऊ ढसुल्ली थिई । यसो भन्दा आमाहरूको अपमान नहोस् तर सुन्दरी छोरीको प्रसङ्गमा आलाई यति भन्दा सह्य हुन सक्छ । छोरीको नाम अनुष्का हो । ऊ केटो नवराजसँग प्रेममा फसेकी थिई । आमाको रायमा उसलाई फसाइएको थियो । प्रेमलाई असाध्य रोग पनि भनिन्छ । रोग त हो तर यो यस्तो रोग हो जसको तात्कालिक उपचार छैन। यस्तो हुने गर्छ । नवराजले झ्यालबाट केटीले कपाल कोरेको हेरिरहेको थियो । उसको दृष्टिमा आमा बाधक थिई, अर्जुनदृष्टिमा त्यो आमारूपी महिलाको ठूलो जीउ बाधक थियो । उसले इसाराइसारामै अनुष्कालाई भन्यो आमालाई दृष्टिपथबाट हटाऊ । अनुष्काले पहिले त टाउको हल्लाई तर नवराजको पटकपटकको इसाराले उसले आमातिर फर्केर के भनी कुन्नि आमा हाँस्दै तल कोठातिर ओराली । आमा छोरीलाई प्रेम गर्दी हो, पुलपुलाएर पालेकी हुँदी हो । बाउ विदेश गएको थियो केटीको । आमाको लोग्ने भन्नु पर्‍यो केटीको बाउलाई । तर टोलमा एउटा यस्तो गाइँगुइँ थियो, केटी झड्केली छोरी थिई । यो कुरो पछि । तर त्यसले यहाँ खासै दखल राख्दैनथ्यो । झड्केलो बाउ भए पनि केटीकी आमालाई विदेश गमन गरेको पोइले माया गर्थ्यो, विश्वास गर्थ्यो । यहाँ विश्वास महत्वपूर्ण थियो । विश्वास गर्थ्यो त्यसैले कमाएको रकम श्रीमती रमाको नाममा पठाउँथ्यो । छोरी पनि खुस थिई र आमा पनि । आर्थिक अभाव पनि थिएन र कुनै दुख थिएन । केटीकी आमा रमा भन्थी, 'छोरी, सबै थोक पैसा रहेछ । पहिले हाम्रो अवस्था कस्तो दुखदायी थियो, अहिले हामी सम्पन्न छौँ र खुस छौँ । पैसाकै करामत हो ।' छोरी टाउको 'हो' मा टाउको हल्लाउँथी । सुखसम्पन्नतामा छोरी कलिो तामाझैँ हलक्क बढेकी थिई । पहिले खडेरीमा सुकेको बाली जस्ती च्याउँसी छोरी अहिले वसन्त आएर लहलहाउँदी भएकी थिई । टोलका केटाहरूमध्य उसको नाम थाहा नपाउने कोही थिएन । केटाहरू भमरा थिए, ऊ मगमग बसाउने गुलाफको फूल थिई । त्यति मात्र होइन, बा र आमालाई त्यै केटी पाए बिहे गर्छु भनेर अड्डी लिने वा प्रतिज्ञा गर्ने केटाहरूको सेना नै खडा गर्न सकिन्थ्यो । सेना भनेर अलि अतिशयोक्ति भयो होला । मुलुकमा त्यस्तो सङ्कट परेको पनि थिएन र त्यस्तो सेना खडा गर्नुपर्ने खाँचो पनि थिएन । तर नवराजको लागि केटी एक सपना थिइन, कारण केटी उसको प्रेमपाशमा फसेकी थिई । मात्र कति अडचन थियो भने, केटीकी आमा नवराजलाई देखेपछि खासै उज्यालो मुख लगाउँदैनथी । कुनै अप्रिय वस्तु देखा परेझैँ नाकमुख नजानिँदो पाराले खुम्च्याउँथी । तर केटी प्रेममा समर्पित थिई । सच्चा प्रेम झुक्दैन भनेझैँ ऊ आमाकै अगाडि नवराजसँग हाँस्ने बोल्ने गर्थी र मौका परे चन्द्रागिरितिर वा यस्तै अन्य ठाउँतिर हाकाहाक्की डुल्न निस्कन्थी । आमा यो देखर मुर्मुरिन्थी । कोठाभित्र थुनेर छोरीका गालामा एकपछि अर्को झापट दन्काएर लगाउन खोज्थी, जगल्ट्याएर यताको भित्ताबाट उताको भित्तासम्म लतार्दै लगेर फेरि यता ल्याएर लात्तले हान्दै उसको हुर्मत लिन चाहन्थी । तर यो सब गर्न उसको हिम्मत हुँदैनथ्यो । छोरीले भन्थी, 'बाउलाई आउनदेऊ ।' बाउ आएपछि के ? यो एउटा रहस्य जस्तो लाग्थ्यो । सबैले नबुझ्ने धम्की हुन्थ्यो । छोरीसित यो एउटा ब्रह्मास्त्र थियो जसले उसकी आमाले जितेको युद्ध पनि पराजयमा परिणत गरिदिन्थ्यो । खासै राम्रो कुरो त होइन यो । आमाछोरीका बीच यस्तो कुनै रहस्यले रजाइँ गर्न पाउनु । आमाछोरीका बीच भन्नाले छोरीको हातमा आमालाई पराजित गर्न सक्ने शस्त्र थमाउनु । छोरीले बाउलाई त आउन देऊ भन्नेबित्तिकै आमा लत्रक्क पर्थी । 'के गर्ने होस् तैँले ?' आमाले नडराएको हाउभाउ देखाउँदै झोक्किएर सोधिहाले पनि स्वर कातर भइसक्थ्यो । छोरी केही भन्दैनथी । आँखामा व्यङ्ख्यात्मकता भरेर यत्ति मात्र भन्थी, 'डराउने भए किन लड्नु ?' बडो सैद्धान्तिक वाक्य बोल्थी ऊ । आमा परास्त भइहाल्ने मनस्थितिमा नभए पनि छोरीलाई अझ जिस्क्याएर बोल्ने गराउन चाहँदैनथी । 'नवराजसँग म भोलि पिकनिक जाँदै छु ।' छोरी गर्जन्थी । पिकनिक एउटा पुरानो चलन भइसकेको छ । अचेल पिकनिक लगेर केटी फसाउने काम गर्न रुचाइन्न । तर छोरीलाई नवराज रिसोर्टमा लिएर जान सक्थ्यो । यहाँ एउटा असमर्थ पाटो थियो नवराजको । ऊसँग पर्याप्त रकम हुँदैनथ्यो । रिसोर्ट महँगा पर्थे । केटी साथमा ल्याएको छ भनेपछि रिसोर्टवालाले बिलमा रकम बेसी ठोक्थे । पुरानो समय कुरा, सुनौलीमा लाहुरेहरूलाई रातभरि स्टे गराएपछि रक्सीका खाली बोतल राखेर बढी पैसा असुल गर्थे रे । हो त्यस्तै, रिसोर्टमा पनि केटी लिएर आएको छ मोज गर्न भनेपछि बिलमा आइटम र पैसा बढिहाल्छ रुमचार्जसहित । अनराजले गाउँ पठाउने रकमबाट जोहो गरेर अनुष्कालाई पिकनिकसम्मको अफर दिन सक्थ्यो । गाउँको घरमा उसका बुढा आमाबाबु थिए र एउटा यस्तो बन्धन पनि थियो त्यहाँ जसलाई ऊ तोड्न सक्दैनथ्यो । उसकी एउटी छ वर्षकी छोरी पनि थिई । नवराजकी श्रीमती ऊ सहरमा कमाउन आएको बेला अर्कैसँग हिँडेकी थिई । यो एउटा अवसरका रूपमा उसकी पत्नीले प्रयोग गरेको प्रतीत हुन्छ । नवराजकी पत्नी छरछिमेकीसँग भनिरहन्थी रे– 'आमाबाले के देखेर यस्तासँग बिहे गरिदिए कुन्नि ? कस्ताकस्ता धनाढ्यका छोरा माग्न आएका थिए ।' यसपछि त्यो पोइल जवाइलाई खासै ठूलो घटनाका रूपमा गाउँघरमा लिइएन । कसैले छेकथुन पनि गरेन– 'ए तँ अर्काकी श्रीमती भएर परपुरुषसँग छिल्लिएर हिँड्छेस् ?' परपुरुषाहरू छिल्लिने अरूकी स्वास्नी ताक्दै हिँडेका त हुन्छन् ! त्यो कुरो पुरानो भए पनि नवराजका मनमा पिरो भएर आइरहन्थ्यो । अहिले सधैँका लागि अनुष्काको साथ पाए ऊ त्यो पिरलो मेट्न सक्थ्यो, पोइल गएकी स्वास्नीभन्दा राम्री ल्याउन सकेँ भनेर ऊ साथीभाइका बीच शिर ठाडो गरेर हिँड्न पनि सक्थ्यो । गाउँकी छोरीलाई अनुष्काले स्वीकार गर्ने हो कि होइन भन्नेमा नवराजलाई सरोकार थिएन । उसकी छोरी हजुरबा हजुरआमासँग सहजै बस्न सक्थी । तिनको स्याहारसुसार गरेर जीवन बिताउने उपाय गर्न सक्थी । मानिसको वासनाजन्य स्वार्थ ठूलो बनेपछि के छोरी के आमाबाबु ? अनुष्काका अगाडि कुनै चीज कुनै वस्तु वा कुनै नातागोकोको मूल्य थिएन । नवराज यही ताकमा हुन्थ्यो, कति बेला अनुष्का नुहाएर छतमा निस्कन्छे र केश फिँजाएर कोर्दै उसलाई देखाउन अनेक पोज दिनेछे । अनुष्काको जीउ पनि त्यस्तै मिलेको थियो र जुन कोणबाट हेरे पनि कामातुर बनाउँथ्यो नवराजलाई । तर अनुष्काकी आमा रमा थिई जसले नवराजलाई एक रत्ती मन पराउँदैनथी । टक्कर थियो, टसल थियो । किन ? स्पष्ट गरिरहनु पर्ने थिएन, ऊसँग पर्याप्त पैसा थिएन । पैसा भनेपछि केके न सानो कुरो मानिन सक्छ । के प्रेमको अगाडि पैसा सानो हो ? नवराज यसै प्रश्नमा रुमल्लिरहन्थ्यो । तर यो सही हो नवराजसँग पैसा छैन । अरूको घरमा डेरा गरेर बसेको छ । अनुष्कालाई उसले प्रेमजालमा फसाएको छ । अनुष्काकी आमा रमा यो मान्दछे । अनुष्काकी आमा रमा पनि पोहोर साल गाउँकै परिचित एक जना लाहुरेसँग डुल्न गएकी थिई । ती दुई दुई रातपछि घर फर्केका थिए । दुई जना दुई रात एउटा अनुप्रास मिलाएजस्तो भएको थियो । लाहुरे धरानतिरको थियो । धरानतिरको भन्थ्यो, हुन सक्छ दैलेखको होस् । अनुष्काकी आमासँग उसको पुरानो परिचय रहेछ । कसरी रहेछ पुरानो परिचय, त्यो कोट्याउन कसको पछि को लागिरहोस् । अनुष्काले यो थाहा पाई र त्यो आमा रमालाई नचाइरहने एउटा साँचो बन्यो । ऊ त्यही साँचो घुमाइरहन्थी आमा रमालाई तर्साउन । एउटा अपराध अनुष्काकी आमा रमाले गरिसकेकी थिई र त्यो नखुलोस् भनेर छोरीका अगाडि शिर निहुराएर मौन बस्न बाध्य थिई । तर हिजो मात्र फेरि त्या लाहुरे टुप्लुक्क अनुष्काहरूको घरको ढोका ढकढकाउन आइपुगेको थियो । उसको साथमा उसको भतिज रामलाल पनि थियो । ती दुवैले शिष्टाचारपूर्वक भलाकुसारी गरे । हाँसो पनि घन्काए । अनुष्काले लाहुरेको फष्टपुष्ट जीउडाल भएको भतिज रामलालतिर धेरै पटक चोरीचोरी हेरिरही । उसभित्र एक किसिमको आसक्ति जाग्यो । भित्रको नवराजको खियाउटे रूप भत्किन लागेको थियो । बेलाबेला ऊ झसङ्ग पनि हुन्थी, प्रेममा धोका दिनु भएन भन्ने मान्यताले । उसलाई त्यो बर्जनाले लाहुरेको भतिजलाई हेर्न बर्जित गर्थ्यो । म कसैकी भइसकेँ भनेर ऊ प्रतिज्ञा गर्न खोज्थी तर लाहुरेको भतिजको बलिष्ठ कायाले उसलाई लोभ्याउँथ्यो । अहिलेसम्म नवराजको दुब्लोपातलो कायातिर लोभिने गरेकोमा ऊ पछुताउन थालेकी थिई । लाहुरेको भतिज हङकङको लाहुरे हो रे । हङकङको लाहुरे नभए पनि हङकङको लाहुरेको छोरो त अवश्य हो । यसमा कुनै दुई राय थिएन । लाहुरे र लाहुरेको भतिज तनिचार दिन आउनेजाने गरिरहे र कहिले रेस्त्राँमा लगेर कहिले अनुष्काहरूकै घरमा भोज जस्तो आयोजन गरेर खानेपिउने मात्र होइन सुत्ने पनि गरे । तीनचार दिनपछि एक साँझ हङकङको लाहुरेको छोरो रामलालले अनुष्कालाई एउटा चिल्लो च्वाँकको कारमा राखेर डुलाउन लग्यो । नवराजले अचेल दारी खौरन छाडेको छ, पाल्नलाई होइन, अनुष्काको पिरले । अनुष्का अचेल छतमा निस्कने गर्दिन । न कालो बाक्लो लामो नागकेश फिँजाएर कोर्ने गर्छे, न जीउ घुमाईघुमाई अनेक पोज दिन्छे । उसकी ढसुल्ली आमा पनि छतमा निस्कन्ने । नवराजले चियो गरेर पत्तो लगाएको छ, अनुष्का अचेल त्यो रामलाल भन्ने हङ्कङको लाहुरेको छोरोसँग पल्केकी छ । पल्केकी छ भनेर उसले आफ्नै प्रेमिकाको अपमान गरेको चस्स आत्मनुभूति त गरेको हो तर अनुष्काले उसलाई चटक्कै छोडेकीमा ऊ सबै थोक त्यागेर 'तर त्याग्नु के थियो र, डेरामा बसेकाल' प्रेमको धोकामा परेपछि सबै थोक छोडेर गाउँतिर जाने सोच बनाउँदै थियो । एउटा प्रेमकथा थियो यो जुन यसरी दुखान्तमा बदलियो । तर दुख कसलाई ? अनुष्का र उसकी आमा त हाँसीखुसी सुखी देखिन्थे । अचेल प्रेमको दुखान्त कथा भनेर पुरातनपन्थी कोही हुन चाहन्न ।

*-समकालीन साहित्य डटकम*

निबन्ध — डा. गणेशप्रसाद भट्टराई

## अँध्याराभित्रको जून

> *म जूनलाई सधैँ नियाल्छु । एक रात मैले आफ्नै ओछ्यानमा जून छिरेका बेला उसको रश्मिरेखा पढेँ । उसको दृष्टिमा स्वच्छता थियो । स्वच्छ दृष्टिमा सिर्जना र कल्पना हुन्छ । मैले शास्त्र पढेको सम्झेँ । मानिसको हेराइले नियत र बोलीले संस्कार बताउँछ । मानिसमा धैर्य कति छ भन्ने कुरा उसको बसाइ हेरे पुग्छ । एक आसनमा बसेर दृष्टि ध्यान गर्नेहरू विचारका महात्मा हुन् । चञ्चले बसाइ अस्थिरताको जननी हो । अस्थिरताले त मन र कर्ममा उथलपुथल ल्याउँछ । जूनमा धैर्य छ पूर्णिमामा सधैँ चम्कने अनि चम्कनका लागि पूर्णिमा पर्खने । मानिसका सङ्गत र स्वभाव जूनजस्तै स्थिर र धैर्यशील हुनुपर्छ । मानिसले त कर्मले भाग्य बनाउनुपर्छ । कर्म निरन्तर हुन्छ । जूनले पूर्णिमा बिर्सिँदैन । मानिसले कर्म बिर्सनु हुँदैन । आँखा चिम्लेर चिन्तन गर्‍यो भने मानिसले आफ्नो कर्म र भाग्य दुवै देख्छ । कर्म गर्न र भाग्य खोज्न मानिसले जूनले जस्तै अँध्याराबाट उदाउन सिक्नुपर्छ । सफलताको मूल जरो समर्पण हो । स्थिरता, त्याग, चुनौती, आलोचना, अनुशासन आदि सफलतासम्म पुग्ने गोरेटा हुन् । सफलता पाउन सज्जनको सङ्गत चाहिन्छ । मूर्ख, पागल, गुरु र आमाबासँग विवाद गर्नेहरूले कहिल्यै सफलता पाएका छैनन् । दुर्जनको सङ्गतले किनार देख्छ, भेल देख्दैन । दुर्जनको साथमा बसेर सोच्नेहरूले क्षितिजमा नयाँ किरण देख्छन् ।*

जून अँध्यारोभित्रबाट निस्कन्छ र सधैँ उज्यालो लिएर मात्र देखा पर्छ । सायद अँध्यारो जूनको दुस्मन होला तर ऊ दुस्मनलाई हेला गर्दैन । हेला गर्नु उसको धर्म होइन । ऊ दुस्मनकै गर्भबाट जन्मन्छ र बिस्तारै आफ्नो शक्तिले दुस्मनलाई हँसाएरै लज्जित पार्छ । दुस्मनका साथमै रमाएर उसैलाई हँसाउन सक्नु जूनबाट सिक्न सकिने सन्देश हो । मानिस बन्न यो सन्देश पढ्नुपर्छ । म हरेक पूर्णिमामा जूनलाई हर्छु । ऊ सधैँ एउटै तरिकाले मसँग हाँस्छ र रमाउँछ । सायद उसले मलाई सधैँ उस्तै देख्छ तर मचाहिँ उसलाई फरक फरक देख्छु । कहिले उसमा दाग देख्छु र घृणा गर्छु । कहिले उसमा उज्यालो देख्छु र खुसी हुन्छ । कहिले उसमा आकर्षण देख्छु र उसैतिर नजिकिन खोज्छु । उसले मलाई चखेवा प्रीत पढाएर खुसी पार्छ । कहिले आफूमा खग्रास घोलेर न्याउलीको पीडा सुनाउँछ । ऊ चखेवाको खुसी हो वा न्याउलीको पीडा हो म छुट्याउन सक्दिनँ । अरूलाई आफूजस्तै देख्नु जूनको गुण हो । अरूलाई आफूभन्दा फरक देख्नु र आफूलाई अरूभन्दा विशेष ठान्नु मानिसको गुण हो ।

ऊ अँध्यारासँग डटेर चम्कियो र सबैको प्रिय बन्यो । मानिस उज्यालो खोजेर भौँतारियो र आफ्नै जातिको दुस्मन बन्यो । मानिस अँध्याराको जून बन्न सकेन । जून हजारौँ ताराका बिचमा छ तर उसकै उज्यालाको चर्चा सबैले गर्छन् । सायद उसले ताराका बैगुन जानेन र तिनका कुरा पनि काटेन । कुरा काट्ने र अरूका बैगुन खोज्ने काम त मानिसले गर्छ । जूनले बरु मानिसलाई हाँसेर बाँच्ने सल्लाह दिन्छ । उसमा अरूका कुरा काट्ने क्षमता नै छैन । उज्यालामा उज्यालो देखिँदैन, अँध्याराबाट मात्र उज्यालो देखिन्छ । मानिस उज्यालोभित्र नकारात्मकता खोज्छ । जूनले अँध्यारोबाट उज्यालो हेर्छ । अरूका बैगुनका चर्चा गर्ने उसको क्षमता नै छैन । म जूनलाई सधैँ नियाल्छु । एक रात मैले आफ्नै ओछ्यानमा जून छिरेका बेला उसको रश्मिरेखा पढेँ । उसको दृष्टिमा स्वच्छता थियो । स्वच्छ दृष्टिमा सिर्जना र कल्पना हुन्छ । मैले शास्त्र पढेको सम्झेँ । मानिसको हेराइले नियत र बोलीले संस्कार बताउँछ । मानिसमा धैर्य कति छ भन्ने कुरा उसको बसाइ हेरे पुग्छ । एक आसनमा बसेर दृष्टि ध्यान गर्नेहरू विचारका महात्मा हुन् । चञ्चले बसाइ अस्थिरताको जननी हो । अस्थिरताले त मन र कर्ममा उथलपुथल ल्याउँछ । जूनमा धैर्य छ पूर्णिमामा सधैँ चम्कने अनि चम्कनका लागि पूर्णिमा पर्खने । मानिसका सङ्गत र स्वभाव जूनजस्तै स्थिर र धैर्यशील हुनुपर्छ । मानिसले त कर्मले भाग्य बनाउनुपर्छ । कर्म निरन्तर हुन्छ । जूनले पूर्णिमा बिर्सिँदैन । मानिसले कर्म बिर्सनु हुँदैन । आँखा चिम्लेर चिन्तन गर्‍यो भने मानिसले आफ्नो कर्म र भाग्य दुवै देख्छ । कर्म गर्न र भाग्य खोज्न मानिसले जूनले जस्तै अँध्याराबाट उदाउन सिक्नुपर्छ । सफलताको मूल जरो समर्पण हो । स्थिरता, त्याग, चुनौती, आलोचना, अनुशासन आदि सफलतासम्म पुग्ने गोरेटा हुन् । सफलता पाउन सज्जनको सङ्गत चाहिन्छ । मूर्ख, पागल, गुरु र आमाबासँग विवाद गर्नेहरूले कहिल्यै सफलता पाएका छैनन् । दुर्जनको सङ्गतले किनार देख्छ, भेल देख्दैन । दुर्जनको साथमा बसेर सोच्नेहरूले क्षितिजमा नयाँ किरण देख्छन् । जूनको किनारामा चम्कने आनन्दी शोभा देख्छन् । अरूले नदेखेका कुरा देख्न सक्नु जुनेली रातको पहिलो पाठ हो । यसको दोस्रो पाठ पढ्न मानिसले कर्ममा भक्ति गर्नुपर्छ । भक्ति सिकाइमा प्रवेश गरे सिकाइ आविष्कार वा विकास बनेर निस्कन्छ । भक्ति व्यक्तिमा प्रवेश गरे त्यो मानव बनेर निस्कन्छ । मिहिनेत कार्यमा प्रवेश गरे त्यो प्रतिफल बनेर निस्कन्छ । मानवीय कार्य स्वच्छतामा प्रवेश गरे त्यो बादलमा चम्किने चाँदीको घेरा जस्तै सामुदायिक उन्नति बनेर चम्कन्छ । साझा उन्नतिमा दुस्मनी हुँदैन । जूनले उज्यालो दियो भनेर ताराले विरोध गर्दैनन् । मानिस काम पर्दा अरूको बखान गर्छ र सहयोग नपाउँदा गालीको तीर सोझ्याउँछ । जूनले त केसैबाट फाइदा नलिई सबैको इज्जत गर्न सिकाउँछ । ऊ मानिसले जस्तो झुटो बोल्दैन र अरूलाई गिराउनुलाई आफ्नो इज्जत ठान्दैन । संसारमा सबै व्यक्ति आफैँमा प्रथम र अद्वितीय छन् । तिनलाई गिराएर सानो देखाउनु आवश्यक छैन । सानो र ठुलो त तुलना गरेपछि मात्र देखिन्छ । हावा र पानीको आकार कसले केसँग तुलना गरेको छ र ? महात्मा र शिशुको आवाजको आकार कुन विज्ञानले नापेको छ र ? जूनको शीतलताको गहिराइ कसले पत्ता लगाएको छ र ? हरेक पूर्णिमाका जूनतिर आँखा लगाउँदा मलाई लाग्छ जूनले त समुद्रको गहिराइभन्दा तलको गहिराइमा बसेर त्यो गाढा अन्धकारबाट स्वर्णिम उज्यालो खोज्न मलाई सिकाइरहेको छ । मौजुदा ज्ञानले भन्छ जूनको आफ्नो उज्यालो छैन । ऊ अरूबाट उज्यालो लिन्छ र आफू उज्यालिएर अरूलाई नै उज्यालो दिन्छ । जन्मँदा मानिसका पनि सबै इन्द्रिय निष्क्रिय नै हुन्छन् । जन्मनासाथ प्राणवायु लिएर मानिसले आफूलाई सक्रिय बनाउँछ । मानिसको सक्रियता प्रकृतिमा निर्भर हुन्छ । हावा नभए मानिसको पहिलो श्वास नै असम्भव थियो । शीतलताको जन्म नै हुने थिएन । सायद जूनबिनाको जीवन कल्पनातीत हुन्थ्यो । शीतको थोपा, आकाशको सौन्दर्य, कविताको अलङ्कार जूनले नै दिएका हुन् । ऊ अरूलाई दिन सिकाउने असल गुरु हो । हाम्रो शिक्षामा दिन सिकाउने गुण नभए स्वार्थ जन्मन्छ र त्यसले उज्याला आँखामा अँध्यारो खोज्न सिकाउँछ । अँध्यारो चिर्ने सिकाइ मात्र जीवनोपयोगी हुन्छ । हजारौँ तारा बिचमा आँखाले जून देखेजस्तै हाम्रो विकास र उन्नतिका आँखामा शिक्षा प्राथमिकतामा पर्नुपर्छ । सबैबाट सिकेर सिकाइको प्रतिफल सबैलाई बाँड्ने तत्परता जूनको शीतलता जस्तै हो । कुहिराको काग बनाउने शिक्षाभन्दा अँध्याराको जुनकिरी बनाउने सिकाइको मानवीय मूल्य बढी हुन्छ । मानिसको जन्म अँध्यारबाट हुन्छ । आमाको कोख अँध्यारो छ । पेट अँध्यारो छ । मस्तिष्क अँध्यारो छ । आकाश अँध्यारो छ । पानीको गहिराइ अँध्यारो छ । बिउको उम्रने क्षमता अँध्यारामा छ । मानौँ संसारको सृष्टि अँध्याराबाट सुरु भएको छ । अँध्याराबाट निस्कने हरेक वस्तुले उज्यालो लिएर आउँछन् । अँध्यारो कोपिलाभित्र उज्यालो फूल हुन्छ । अँध्यारो बादलभित्र शीतल थोपा हुन्छ । अँध्यारो चिरेर निस्कने जूनलाई हेर्दा मलाई लाग्छ संसारमा उज्यालाको भन्दा अँध्याराको मूल्य छ । उज्यालो सिर्जना हो तर अँध्यारो सर्जक हो । सर्जकका सोचमा अनन्त सिर्जना हुन्छ । मानिसको दिमागमा बरफ, जिब्रामा गुढ र फदयमा ममता हुने हो भने उसले हरेक अँध्यारामा उज्यालो देख्न थाल्छ । ती उज्यालो आविष्कार, रचना, कला, सङ्गीत, विकास, परिवर्तन, भावना बनेर सप्तरङ्गी इन्द्रेनी बन्न सक्छन् । मेरो कोठामा पसेर मलाई उक्साउने, सम्झाउने र झस्काउने जूनका किरण बन्न सक्छन् । मानवीय कर्ममा गति शक्ति हुनुपर्छ । हाम्रा प्रत्येक पाइलाका डोबमा सकारात्मक सोचको प्रतिविम्ब हुनुपर्छ । मानिसको बुद्धिले समाजको नेतृत्व गर्नुपर्छ, नेतृत्वले समाजको रूप बिगार्नु हुँदैन । म रातको उज्यालो हेरिरन्छु तर हरेक पूर्णिमाको जूनले मलाई थुमथुम्याएर मेरो मस्तिष्कको नवीकरण गर्न सिकाएर फर्किन्छ । मेरो सोचको नवीकरण हुन नपाउँदै पुन: झमक्क रात परिसक्छ । मेरो अँध्यारो मस्तिष्कले चाहिँ अँध्याराभित्रको जून खोजिरहन्छ । म जून होइन तर जूनजस्तै बन्न सक्छु । जून बन्नु सिक्नु र सिकाउनु हो । म आजीवन अँध्यारोभित्रबाट उज्यालो खोजिरहन्छु ।

*-साहित्यपोस्ट डटकम*

# रामपुरका वडा सदस्यहरुलाई अभिमुखिकरण



**पाल्पा,** जेठ ३२/जिल्लाको रामपुर नगरपालिकाका वडा सदस्यहरुलाई काम कर्तव्य र अधिकार सम्बन्धी एक दिने अभिमुखिकरण प्रदान गरिएको छ । नगरपालिकाले यहाँका १० वटा वडाका सदस्यहरुलाई अभिमुखिकरण कार्यक्रम प्रदान गरेको हो ।

वडा सदस्यहरुको काम कर्तव्य र अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, योजना, प्रशासनिक काम, लेखा सम्बन्धी व्यवस्था लगाएतका विषयमा अभिमुखिकरण प्रदान गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । उनले जनप्रतिनिधीसँग जनताको अपेक्षा बढी हुने भन्दै हरेक जनप्रतिनिधी सबै जवाफदेही हुनु पर्ने भएकाले अभिमुखिकरण दिइएको बताए ।

नगर प्रमुख थापाले भने 'जनताको हरेक समस्यासँग जनप्रतिनिधी जोडिए पनि कानुनी प्रक्रिया र व्यवस्था बारे जानकारी दिन नसक्दा जनप्रतिनिधी र जनताबिचको सम्बन्ध टाढा रहेको छ ।'

हरेक विषयको छिटो परिणाम खोजे पनि कानुनी बाधाका कारण जनताको समस्या सामाधान गर्न नसकिने उनले उल्लेख गरे । हरेक तहगत संरचनाका जनप्रतिनिधिले जनतालाई केन्द्रमा राखेर काम गर्न आफ्नो काम कर्तव्य र अधिकार बारे जानकार हुनु पर्ने बताए । उपप्रमुख बाल कुमारी थापाले जनताको आवश्यकता र आशा जनप्रतिनिधीसँग धेरै हुने भन्दै सबै विषयमा पूर्ण जानकार हुन आवश्यक रहेको बताईन ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले दैनिक वडा र नगरपालिकाको कार्यालयबाट प्रवाह हुने सेवा बारे जनप्रतिनिधीले सहजिकरण गरे थप सहज हुने बताए । यस्तै रामपुर नगरपालिकाका प्रवक्ता एवं १ का वडा अध्यक्ष कपिलबहादुर खाँणले जनप्रतिनिधिको दैनिक काम काजको प्रक्रिया बारे जानकारी दिई सजिलो बनाउनका लागि कार्यक्रमको आयोजना गरिएको बताए । कार्यक्रममा विभिन्न सिफारिस, अनुमति, लगायत सेवाको प्रक्रिया, स्थानीय सरकार सञ्चालन ऐन, जनप्रतिनिधीको काम कर्तव्य र अधिकार, वडा समितिको बैठक सञ्चालन, नगर सभाको सञ्चालन वार्षिक नीति तथा कार्यक्रम र बजेट, योजना, टोल विकास संस्था, विषयगत समितिको काम कर्तव्य र अधिकार, लेखा तथा भुक्तानी प्रक्रिया, विभिन्न संघ संस्था र व्यवसाय दर्ता , निर्णय प्रक्रिया लगायतका विषयमा सहजिकरण गरिएको थियो ।

प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डित, नगर प्रवक्ता कपिलबहादुर खाँण, प्रशासन अधिकृत युवराज पन्थी,योजना शाखा प्रमुख विक्रम बस्नेत र लेखा शाखा प्रमुख सिता न्यौपानेले सहजिकरण गरेका थिए ।

## समसामयिक...

...समितिले तानसेनको खानेपानी व्यवस्थापनमा धेरै सुधार गरे पनि केही विषय सुधार गर्नुपर्ने भन्दै काँग्रेसले ध्यानाकर्षण गराएको हो ।

नगर सभापति सुवर्णमुनि शाक्यको नेतृत्वमा गएको काँग्रेस नेताहरुको टोलीले हाल कायम रहेको खानेपानी महसुलमा लाग्दै आएको अवैज्ञानिक महसुल दर समय साक्षेप समायोजन गर्नुपर्ने, उपभोक्ताहरुलाई पानीको सदुपयोग सम्बन्धमा जनचेतना मुलक कार्यक्रम गर्नुपर्ने, वडा समिति गठन गर्नुपर्ने,खानेपानीको प्रशासकिय भवन व्यवस्थित हुनुपर्ने, खानेपानी वितरणको तालिका निर्धारण गर्नुपर्ने जस्ता विषयमा ध्यानाकर्षण गराएको छ ।

यस्तै उसले प्रताप शमशेर राणाको पालामा बनेका फलामे धाराहरुमा पुन: पानी आउने व्यवस्था मिलाउनुपर्ने, कर्मचारीहरुको तलब मानमा समयअनुल परिमार्जन गर्नुपर्ने, कर्मचारीहरुको दक्षता हेरी पुरस्कृत र दण्ड सजायको व्यवस्था गर्नुपर्ने माग समेत राखेको छ ।

काँग्रेस नगर सभापति सुवर्णमुनि शाक्यले खानेपानी उपभोक्ता समितिका अध्यक्ष मोहन श्रेष्ठलाई ध्यानाकर्षण पत्र बुझाउँदै यथाशिघ्र उक्त माग सम्बोधन गर्न आग्रह गरे ।

समितका अध्यक्ष श्रेष्ठले कांग्रेसले राखेका मागहरुलाई यथाशक्य सम्बोधन गर्ने बताए ।


## कृषि ज्ञान केन्द्र पाल्पाको अनुरोध

- बिषादी प्रयोग गर्नु पूर्व प्राविधिकको अनिवार्य सल्लाह लिनुहोस् ।
- तालिम प्राप्त र ईजाजतपत्र प्राप्त विषादी खुद्रा बिक्रेताहरूबाट मात्र विषादी खरिद गर्नुहोस् ।
- विषादी खरिद गर्दा पंजिकृत, सुरक्षित र प्रभावकारी विषादी छान्नुहोस् ।
- पंजिकरण नभएका र प्रतिवन्धित विषादी बारे जानकारी राख्नुहोस् र त्यस्ता विषादी खरिद नगर्नुहोस् ।
- विषादीको सुरक्षित तरिकाले भण्डारण गर्नुहोस् र बालबच्चहरूको पहुँच देखि टाढा राख्नुहोस् ।
- सही विषादी, सही मात्रामा, सही समयमा र सही तरिकाले प्रयोग गर्नुहोस् ।
- विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस् ।
- विषादी प्रयोग गरिसके पछि पर्खनु पर्ने समय व्यतित नभएसम्म बाली टिपेर खाने र बेच्ने नगर्नुहोस् ।
- भण्डारणमा लाग्ने रोग कीरा नियन्त्रणका लागि सकभर स्थानीय प्रविधि अवलम्वन गर्नुहोस् ।

**कृषि ज्ञान केन्द्र**

पाल्पा

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## डिभिजन वन कार्यालय पाल्पाको दररेट पेश गर्ने सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०३/०१ गते*

यस कार्यालयको चा.लु आ.व. २०८०/०८१ को स्विकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न वन उपभोक्ता समूह, स्थानीय तहहरु एवं कृषकहरुबाट जडिबुटी टिमुरको बृक्षारोपणको लागि बिरुवाको माग बमोजिम रोपण गरी खेती विस्तारका लागि टिमुरको बिरुवा प्रतिस्पर्धाको आधारमा खरिद गर्नुपर्ने भएकोले कम्तिमा एक बर्ष भन्दा बढी उमेर भएका बहुबर्षीय बिरुवा, सम्भव भएसम्म बिरुवाको डाँठमा काँडा पलाएको, हार्डेनिङ्ग भएको, कम्तिमा १२ ईन्चभन्दा माथि उचाई भएको र पोलीब्याग थैलाको, रोग किरा नलागेको टिमुरको गुणस्तरीय र स्वस्थ बिरुवा ढुवानी बाहेक प्रति गोटा के कति दररेटमा उपलब्ध गराउन सकिन्छ ? बिरुवा उपलब्ध गराउन ईच्छुक प्रचलित कानुन बमोजिम योग्यता पुगेका नर्सरी/आपुर्तिकर्ताहरु (यस कार्यालयमा नियमानुसार सूचिकृत भएका वा नभएका समेत) बाट कानुन बमोजिम आवश्यक कागजातहरु संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र बिरुवाको नमुना सहित प्रति बिरुवाको दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । खरिद सम्बन्धी अन्य प्रक्रिया प्रचलित कानुन बमोजिम हुनेछ ।

**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**

## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५-५२०६०१

## सत्यवती गाउँपालिकाको अनुरोध

- बाझो जग्गा नराखौ/ राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुर्‍याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैं सजग रहौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| कमल प्रसाद भुसाल | निर माया तरामु | टिकाराम पाण्डे |
| --- | --- | --- |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई